# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं, माघ २२ गते, २०६९ साल (संख्या ४४

## भाग ५

### नेपाल सरकार

### अर्थ मन्त्रालयको सूचना

### सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्य सञ्चालन) आदेश, २०६९

प्रस्तावना : सार्वजनिक संस्थानहरुको प्रतिस्पर्धा तथा व्यावसायिकता अभिवृद्धि गर्दै समन्वयात्मक ढङ्गबाट सञ्चालन गर्ने सम्बन्धमा सार्वजनिक संस्थान निर्देशन बोर्डको गठन तथा कार्य सञ्चालन गर्न वाञ्छनीय भएकोले नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्य सञ्चालन) आदेश, २०६९" रहेकोछ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा–

(क) "बोर्ड" भन्नाले दफा ३ बमोजिम गठन भएको सार्वजनिक संस्थान निर्देशन बोर्ड सम्झनु पर्छ ।

(ख) "सार्वजनिक संस्थान" भन्नाले अनुसूची – १ मा उल्लिखित सार्वजनिक संस्थान सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले बोर्डको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले बोर्डको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

(ङ) "सिफारिस समिति" भन्नाले बोर्डका अध्यक्ष तथा सदस्यहरुको नियुक्तिको सिफारिस गर्न दफा ४ बमोजिम गठन भएको सिफारिस समिति सम्झनु पर्छ ।

(च) "कार्यकारी प्रमुख" भन्नाले नेपाल सरकारले नियुक्त गर्ने सार्वजनिक संस्थानका कार्यकारी अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत, कार्यकारी निर्देशक, महानिर्देशक, महाप्रबन्धक वा प्रबन्ध सञ्चालक सम्झनु पर्छ।

(छ) "सचिव" भन्नाले बोर्डको सचिव सम्झनु पर्छ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो आदेश अन्तर्गत जारी गरिएका निर्देशिका वा कार्यविधिमा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. बोर्डको गठन : (१) सार्वजनिक संस्थानहरुको नीति निर्धारण, पुनर्संरचना, अनुगमन तथा मूल्याङ्कन गर्न एक सार्वजनिक संस्थान निर्देशन बोर्डको गठन हुनेछ ।

(२) बोर्डमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहने छन्:–

(क) लोकसेवा आयोगको सदस्य पदमा नियुक्त हुन योग्यता पुगेको व्यक्तिहरु मध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति – अध्यक्ष

(ख) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयको सचिव (सम्बन्धित क्षेत्र हेर्ने) – सदस्य

(ग) अर्थ मन्त्रालयको सचिव – सदस्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) अर्थशास्त्र वा व्यवस्थापन वा कानून वा विज्ञान वा कृषि वा इन्जिनियरिङ जस्ता प्राविधिक विषयमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दशवर्ष काम गरेका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले नियुक्त गरेको तीन जना – सदस्य

(ङ) चार्टर्ड एकाउन्टेन्सी सम्बन्धी उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दशवर्ष काम गरेका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले नियुक्त गरेको – सदस्य

(३) नेपाल सरकारले अध्यक्ष तथा सदस्यको पदमा नियुक्त गर्दा सिफारिस समितिबाट सिफारिस भई आएका व्यक्तिहरु मध्येबाट गर्नेछ ।

(४) अध्यक्ष तथा उपदफा (२) को खण्ड (घ) र (ङ) बमोजिमका सदस्यहरुको पदावधि चार वर्षको हुनेछ र एक पटकको लागि निजहरुको पुनर्नियुक्ति हुन सक्नेछ ।

(५) पदावधि बाँकी छँदै अध्यक्ष वा कुनै सदस्यको पद रिक्त हुन गएमा त्यसरी रिक्त हुन गएको पदमा बाँकी अवधिको लागि यस आदेशको अधीनमा रही जुन प्रक्रियाबाट नियुक्त भएको हो सोही प्रक्रियाबाट पूर्ति गरिनेछ।

(६) बोर्डको संगठनात्मक संरचना अनुसूची –२ बमोजिम हुनेछ ।

४. <u>सिफारिस समिति</u> : (१) अध्यक्ष तथा सदस्यहरुको नियुक्तिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्न देहायका व्यक्तिहरु रहेको सिफारिस समिति रहनेछः–

(क) लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको लोक सेव आयोगको सदस्य –अध्यक्ष

(ख) लोक सेवा आयोगको अध्यक्षले तोकेको लोक सेव आयोगको सदस्य –सदस्य

(ग) नेपाल सरकारको मुख्य सचिव –सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) लोक सेवा आयोगको अध्यक्षले तोकेको विज्ञ – सदस्य

(ङ) अर्थ मन्त्रालयको सचिव –सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिले योग्य तथा इच्छुक नेपाली नागरिकहरुबाट रोष्टर खडा गरी दफा ३ को उपदफा (२) मा उल्लेखित योग्यता पुगेका व्यक्तिहरु मध्येबाट प्रत्येक पदको लागि तीन जनाका दरले उपयुक्त उम्मेद्वार छनौट गरी नियुक्तिको निमित्त नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

५. <u>बोर्डको बैठक</u> : (१) बोर्डको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा सचिवले बोर्डको बैठक बोलाउनेछ ।

(३) बोर्डको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुमध्ये आफूले छानेको सदस्यले बोर्डको बैठकको अध्यक्षता गर्नेछ ।

(४) कूल सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित नभएमा बोर्डको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छैन ।

(५) बोर्डको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) बोर्डको वैठकमा विशेषज्ञ वा बोर्डले आवश्यक ठानेको व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(७) बोर्डको बैठक सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. <u>पद रिक्त हुने अवस्था</u> : देहायको अवस्थामा अध्यक्ष तथा सदस्यको पद रिक्त हुनेछः–

(क) निजको पदावधि पूरा भएमा,

(ख) निजले नेपाल सरकार समक्ष आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ग) निजको मृत्यु भएमा,

(घ) निजको उमेर ६५ वर्ष पूरा भएमा,



प्राधिकृतता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) कार्यसम्पादन मूल्यांकन समितिको सिफारिसमा नेपाल सरकारले निजलाई पदमुक्त गरेमा वा

(च) निजको कार्यसम्पादन सन्तोषजनक नभएको वा खराव आचरण भएको वा निजले इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको भनी नेपाल सरकार मन्त्रिपरिषद= गठीत छानवीन समितिले गरेको सिफारिसको आधारमा नेपाल सरकारले निजलाई पदमुक्त गरेमा ।

७. <u>अध्यक्ष तथा सदस्यको अयोग्यता</u> : (१) देहायको व्यक्ति अध्यक्ष वा सदस्यको पदमा नियुक्त हुन योगय मानिने छैन :-

(क) गैर नेपाली नागरिक,

(ख) पैंतीस वर्ष उमेर पूरा नभएको र पैंसठ्ठी वर्ष उमेर पूरा भएको,

(ग) राजनीतिक दलको सदस्य रहेको,

(घ) मानसिक सन्तुलन बिग्रेको वा बहुलाएको,

(ङ) साहुको ऋण तिर्न नसकी प्रचलित कानून बमोजिम दामासाहीमा परेको,

(च) नियतवस बैंकको ऋण नतिरी प्रचलित कानून बमोजिम कालो सूचीमा परेको वा

(छ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर भएको ।

(२) उपदफा (१) को खण्ड (ग), (ङ), (च) र (छ) अध्यक्ष तथा सदस्य पदमा नियुक्त हुने व्यक्ति स्वयंले लिखित रुपमा प्रमाणित गर्नु पर्नेछ ।

८. <u>अध्यक्ष तथा सदस्यको पारिश्रमिक र सुविधा</u> : (१) पदेन सदस्य बाहेक अध्यक्ष तथा सदस्यहरु बोर्डको पूर्णकालीन पदाधिकारी हुनेछन् ।

(२) अध्यक्ष बोर्डको प्रमुख प्रशासकीय प्रमुख हुनेछ ।

(३) अध्यक्ष तथा सदस्यहरुको पारिश्रमिक, सुविधा तथा अन्य व्यवस्था नेपाल सरकारले समय समयमा तोके बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ।

(४) अध्यक्ष तथा सदस्यले बोर्डको बैठकमा भाग लिए वापत नेपाल सरकारले समय समयमा तोके बमोजिम बैठक भत्ता पाउने छन् ।

९. बोर्डको काम, कर्तव्य र अधिकार : (१) बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) सार्वर्जजनिक संस्थानको नीति, योजना तथा लगानी सम्बन्धी :

(१) सार्वजनिक संस्थान सञ्चालन सम्वन्धमा नेपाल सरकारले अवलम्बन गर्नु पर्ने राष्ट्रिय तथा क्षेत्रगत नीतिका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(२) सार्वजनिक संस्थानमा सरकारले थप शेयर लगानी गर्नु पर्ने वा ऋण वा अनुदान दिनु पर्ने देखिएमा सोको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(३) सार्वजनिक संस्थानमा नेपाल सरकारले गरेको शेयर लगानी वापतको लाभांश तथा ऋणको साँवा व्याज असुली गर्ने र आवश्यकता अनुसार त्यस्तो लगानीको पुनर्तालिकीकरण गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(४) सार्वजनिक संस्थान सञ्चालन र व्यवस्थापन सम्बन्धमा कार्यसञ्चालन नीतिहरु निर्माण गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(५) प्रत्येक सार्वजनिक संस्थानको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तर्जुमा गरी गराई कार्यान्वयन गर्ने, गराउने,

(६) सार्वजनिक संस्थानको लगानी योजना तथा प्रतिफल विश्लेषण गर्ने गराउने ।

(ख) सार्वजनिक संस्थानको पुनर्संरचना, विनिवेश, खारेजी तथा क्षमता विकास सम्बन्धी :

(१) सार्वजनिक संस्थानको आर्थिक तथा सामाजिक दायित्व सम्बन्धी पक्षको विश्लेषण गरी पुनर्संरचना गर्न नीति तथा कार्ययोजना बनाई नेपाल सरकार समक्ष सिफारिस गर्ने,



९३० अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सार्वजनिक संस्थानहरुलाई आवश्यकता अनुसार सार्वजनिक–निजी साझेदारीको अवधारणा अन्तर्गत सञ्चालन गर्ने, एक आपसमा गाभ्ने, विनिवेश गर्ने, सहकारीकरणमा लैजाने वा खारेजी गर्ने विषयमा अध्ययन गरी विस्तृत कार्ययोजना नेपाल सरकार, अर्थ मन्त्रालयमा पेश गर्ने,

(३) सार्वजनिक संस्थानहरुको पुनर्संरचना र संस्थागत सुधारका सम्बन्धमा व्यवस्थापिका–संसदका समितिहरु, विगतमा गठन भएका विभिन्न आयोग, कार्यदल र निकायबाट प्राप्त सुझावहरु आवश्यकले अनुसार कार्यान्वयन गर्ने, गराउने,

(४) निजीकरण भैसकेका संस्थानहरुको निजीकरण पश्चार्तको, प्रभाव मूल्यांकन गरी नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(५) निजीकरण गरिएका संस्थानमा निजीकरण गर्दाका बखत निर्धारण गरिएका शर्त पालना भए नभएको, सरकारलाई बुझाउने रकम वुझाए नबुझाएको जस्ता कुराहरुको अध्ययन गरी असूल उपर गर्न रणनैतिक उपायहरु सिफारीस गर्ने, र

(६) खण्ड (५) बमोजिम दिएको आदेश वा निर्देशनको पालना नगर्ने व्यक्तिहरुलाई सरकारले कुनै सार्वजनिक पदमा प्रतिनिधित्व नगराउने वा नियुक्त नगर्ने तथा सार्वजनिक समारोहमा आमन्त्रण नगर्ने जस्ता प्रयोजनका लागि त्यस्ता व्यक्ति वा संस्थाहरुको सूची बनाई नेपाल सरकारलाई जानकारी गराउने ।

(ग) सार्वजनिक संस्थानको कार्यकारी प्रमुखको सिफारिस सम्बन्धी :

(१) नेपाल सरकारले नियुक्त गर्नु पर्ने कार्यकारी प्रमुखको विवरण संकलन गरी अद्यावधिक गर्ने,

(२) नेपाल सरकारले नियुक्त गर्नु पर्ने कार्यकारी प्रमुखको लागि आवश्यक पर्ने योग्यता, क्षमता, अनुभव र सुविधाको मापदण्ड तयार गर्ने र समय समयमा परिमार्जन गर्ने,

(३) कार्यकारी प्रमुखको पदहरुमा सिफारिस गर्ने नीति तथा प्रकृया निर्धारण गर्ने,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) कार्यकारी प्रमुखले अवलम्वन गर्नु पर्ने कार्यसम्पादनको स्तर निर्धारण गर्ने तथा कार्यसम्पादन मूल्याङ्कनका आधार र सूचकांकहरु तयार गरी लागू गर्ने, गराउने,

(५) निर्धारित सूचाकांकको आधारमा कार्यकारी प्रमुखको नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने,

(६) कार्यसम्पादन मूल्याङ्कनका आधारमा कार्यकारी प्रमुखहरुलाई निरन्तरता दिने वा निज़हरुको सेवा अन्त्य गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(७) कार्यकारी प्रमुखहरुले पालना गर्नु पर्ने अनुशासन तथा आचरण सम्बन्धी विषयमा आचार संहिता तयार गरी लागू गर्ने वा गराउने,

(८) कार्यकारी प्रमुखहरुलाई सार्वजनिक संस्थानको सुसञ्चालन र व्यवस्थापनको लागि प्रशिक्षण, अनुशिक्षण तथा अभिमुखिकरण तालीम प्रदान गर्ने, र

(९) सार्वजनिक संस्थान सम्बन्धी प्रचलित कानूनमा भएको व्यवस्थाको अतिरिक्त सार्वजनिक संस्थानका पदाधिकारीको काम, कर्तव्य र जिम्मेवारी स्पष्टरुपमा किटान गरी लागू गर्ने गराउने र सोको लागि कानून संशोधन गर्नुपर्ने देखिएमा नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

(घ) सार्वजनिक संस्थानको संगठन तथा जनशक्ति विकास सम्बन्धी :

(१) निश्चित मापदण्डको आधारमा सार्वजनिक संस्थानहरुको वर्गीकरण गर्ने,

(२) उच्च व्यवस्थापकहरुलाई व्यावसायिक दक्षता सम्बन्धी प्रशिक्षण दिने, दिलाउने,

(३) संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गरी आवश्यकता र औचित्यका आधारमा संगठनात्मक संरचना र जनशक्तिको उपयुक्त आकार निर्धारण गरी लागू गर्ने, गराउने र



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) कर्मचारीलाई स्वेच्छिक अवकाश तथा अनिवार्य अवकाश सम्बन्धी नीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

(ङ) सार्वजनिक संस्थानका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी :

(१) कर्मचारी नियुक्ति, सेवाको शर्त, पारिश्रमिक र सुविधा सम्बन्धमा अपनाउनु पर्ने सिद्धान्त तथा नीति नेपाल सरकारबाट स्वीकृत गराई लागू गर्ने, गराउने र

(२) कर्मचारीको कार्यसम्पादन मूल्यांकनका सूचकांक तयार गरी लागू गर्ने ।

(च) सार्वजनिक संस्थानको अनुगमन, मूल्यांकन तथा सूचना प्रणाली सम्बन्धी :

(१) कार्यसम्पादन मूल्याङ्कनको लागि सूचकांक तयार गरी मूल्याङ्कन गर्ने गराउने व्यवस्था मिलाउने,

(२) कार्यसञ्चालन अवस्थाको समग्र पक्षको नियमित अनुगमन र मूल्याङ्कन गरी वार्षिक रुपमा नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्ने,

(३) नियमित रुपमा लेखापरीक्षण गर्ने, गराउने तथा वार्षिक साधारण सभा गर्ने, गराउने र

(४) सूचना प्रणालीको विकास गर्ने, संस्थागत सुशासन तथा पारदर्शिता सम्बन्धी नीति निर्धारण गरी त्यसको कार्यान्वयन गर्ने, गराउने ।

(२) उपदफा (१) बमोजिमको काम, कर्तव्य र अधिकार प्रयोग गर्दा बोर्डले सार्वजनिक संस्थान स्थापना र सञ्चालन सम्बन्धी प्रचलित कानूनको अधीनमा रही गर्नु पर्नेछ ।

(३) नेपाल सरकारले आवश्यक देखेमा अनुसूची– १ मा उल्लेख भए बाहेकका सार्वजनिक संस्थानहरुको हकमा पनि बोर्डको सेवा लिन सक्नेछ।

१०. <u>कार्यसम्पादन मूल्यांकन समिति</u> : (१) अध्यक्ष तथा सदस्यको कार्यसम्पादन मूल्यांकन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको कार्यसम्पादन मूल्यांकन समिति रहेनछः–



६३३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) राष्ट्रिय योजना आयोगको उपाध्यक्ष – संयोजक
(ख) नेपाल सरकारको मुख्य सचिव – सदस्य
(ग) अर्थ मन्त्रालयको सचिव – सदस्य–सचिव

(२) कार्यसम्पादन मूल्याङ्कन समितिले कार्यसम्पादन सूचकाङ्क निर्धारण गरी सोही आधारमा अध्यक्ष तथा सदस्यहरुको कार्यसम्पादनको मूल्यांकन गर्नेछ ।

(३) कार्यसम्पादन मूल्याङ्कन समितिले अध्यक्ष तथा सदस्यहरुको कार्यसम्पादन मूल्याङ्कन प्रत्येक वर्ष साउन मसान्त भित्र गरी सोको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

११. <u>कार्यकारी प्रमुख नियुक्ति सिफारिस समिति</u> : (१) सार्वजनिक संस्थानको गठन, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सार्वजनिक संस्थानका कार्यकारी प्रमुखको नियुक्ति सम्बन्धी सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ :–

(क) लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको लोक सेवा आयोगको सदस्य – अध्यक्ष
(ख) लोक सेवा आयोगको अध्यक्षले तोकेको लोक सेवा आयोगको सदस्य – सदस्य
(ग) बोर्डको अध्यक्ष – सदस्य
(घ) सम्बन्धित मन्त्रालयको सचिव – सदस्य
(ङ) महालेखा नियन्त्रक – सदस्य
(च) लोक सेवा आयोगको अध्यक्षले तोकेको विज्ञ – सदस्य

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिले आवश्यक देखेमा समितिको बैठकमा बाह्य विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको सिफारिस समितिको सचिवालय सम्बन्धी कार्य बोर्डको सचिवालयले गर्नेछ।



६३५ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. कार्यकारी प्रमुख सिफारिस सम्बन्धी व्यवस्था : (१) दफा ११ बमोजिमको सिफारिस समितिले सार्वजनिक संस्थानका कार्यकारी प्रमुखको सिफारिस गर्दा बोर्डको सिफारिसमा नेपाल सरकारले स्वीकृत गरे बमोजिमको कार्यविधिको पालना गर्नु पर्नेछ ।

(२) सम्बन्धित सार्वजनिक संस्थानको गठन, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सार्वजनिक संस्थानको कार्यकारी प्रमुखको उम्मेद्वार हुन मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर गरेको र सम्बन्धित क्षेत्रमा वा प्रशासन, व्यवस्थापन, व्यापार, वित्त, उत्पादन, इन्जिनियरिङ्ग वा कानूनको क्षेत्रमा अधिकृतस्तरमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ ।

(३) कार्यकारी प्रमुख सिफारिस समितिले यस दफा बमोजिम सार्वजनिक संस्थानको कार्यकारी प्रमुख पदमा नियुक्तिको लागि उपयुक्त उम्मेद्वार छनौट गर्दा निजको योग्यता र अनुभव, संस्थानको सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यावसायिक तथा वित्तीय योजना, अन्तर्वार्ता तथा प्रस्तुतीकरणका आधारमा उम्मेद्वारको मूल्याङ्कन गरी प्रत्येक पदको लागि सबैभन्दा बढी अंक प्राप्त गर्ने तीन जना योग्य उम्मेद्वारहरुको छनौट गरी वर्णानुक्रमानुसार नेपाल सरकार समक्ष सिफारिस गर्नेछ । व्यावसायिक तथा वित्तीय कार्ययोजनाको प्रस्तावमा न्यूनतम रुपमा समावेस हुनुपर्ने विषयहरु अनुसूची -३ अनुसार हुनेछ ।

(४) उपदफा (३) बमोजिमको मूल्याङ्कन सम्बन्धी अङ्कभार देहाय बमोजिम हुनेछ :–

(क) न्यूनतम शैक्षिक योग्यता वापत – १० अंक

(ख) व्यावसायिक तथा वित्तीय कार्ययोजना वापत – ६० अंक

(ग) प्रस्तुतिकरण तथा अन्तरवार्ता वापत – ३० अकं

(५) उपदफा (४) को खण्ड (ख) मा उल्लेखित व्यावसायिक तथा वित्तीय कार्ययोजना वापतको अंक देहाय बमोजिम वितरण हुनेछ :–



६३५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सम्वन्धित संस्थानको परिचय तथा विद्यमान कार्य सञ्चालनको अवस्था सम्भव भएसम्म तथ्यांकीय विवरण सहितको (Performance status with time series data) – ५ अंक

(ख) विद्यमान कार्यसञ्चालन अवस्थामा पुग्नुका कारणहरुको पहिचान र विश्लेषण (Identification and analysis of reasons behind the status of given performance) – १० अंक

(ग) संस्थाको विद्यमान अवस्थामा देखिएका समस्या, कमीकमजोरी, अवसर र चुनौतिहरुको गहन विश्लेषण (SWOT with in depth analysis) – २० अंक

(घ) रणनैतिक सुधार गर्नुपर्ने क्षेत्रहरुको विश्लेषण (Major areas of strategic reform) –५ अंक

(ङ) विशेषतः उत्पादकतत्व अभिवृद्धि (Productivity enhancement), प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि (Competitive strength building), औद्योगिक सम्वन्ध (Industrial harmony), मानव संसाधन व्यवस्थापन, वित्तीय व्यवस्थापन, चुहावट नियन्त्रण, प्रशासकीय शिरोभार खर्च घटाउनका लागि विशेष व्यवस्था (Austerity measures) श्रोत परिचालन समेत समावेश भएको समयसारिणी सहितको कार्ययोजना (Action plan) २०

(६) कार्यकारी प्रमुख सिफारिस समितिले उपदफा (४) बमोजिम मूल्याङ्कन गर्दा दुई वा सो भन्दा बढी उम्मेद्वारले समान अङ्क प्रास गरेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको पेशागत तालीम प्रास गरेको, सम्बन्धित क्षेत्रको कार्यमा विशेष अनुभव, रुची तथा योगदान भएको, उच्च नैतिक मूल्य भई उच्चस्तरको सामाजिक प्रतिष्ठा भएको तथा प्रतिष्ठित राष्ट्रिय वा अन्तर्राष्ट्रिय


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारी वा गैरसरकारी संगठनमा उत्कृष्ट कार्यसम्पादन गरेको उम्मेद्वारलाई सिफारिस गर्नेछ।

(७) सम्बन्धित सार्वजनिक संस्थानको गठन, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सार्वजनिक संस्थानको कार्यकारी प्रमुखको निमित्त देहायको व्यक्ति उम्मेद्वार हुन अयोग्यमानिनेछः–

(क) गैर नेपाली नागरिक,

(ख) तीस वर्ष उमेर पूरा नभएको वा साठी वर्ष उमेर पूरा भएको,

(ग) कुनै राजनीतिक दलको सदस्य भएको,

(घ) मानसिक सन्तुलन बिग्रेको वा बहुलाएको,

(ङ) सार्वजनिक संस्थानसँगको ठेक्कापट्टा वा कुनै चल अचल सम्पत्तिसम्बन्धी कारोबारमा निज आफैं वा निजको परिवारका कुनै सदस्यको संलग्नता भएको वा सो संस्थानसँग निजी स्वार्थ रहेको,

(च) निजको नाममा व्यक्तिगत बेरुजु बाँकी रहेको,

(छ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर भएको वा

(ज) नियतवस बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानून बमोजिम कालोसूचीमा परेको।

(८) उम्मेद्वारले व्यावसायिक तथा वित्तीय कार्ययोजना प्रस्ताव र वित्तीय प्रस्ताव छुट्टाछुट्टै खामबन्दी रुपमा पेश गर्नु पर्नेछ।

(९) उम्मेद्वारले वित्तीय प्रस्तावमा आफूले अपेक्षा गरेको पारिश्रमिक लगायत अन्य सुविधाहरु उल्लेख गर्नुपर्नेछ । पारिश्रमिक रकम निर्धारण गर्दा समग्र कार्यसम्पादनमा आधारित (Performance based) बनाउने तर्फ ध्यान दिनुपर्नेछ ।

(१०) उपदफा (९) बमोजिम प्रस्ताव गरिएको पारिश्रमिक तथा सुविधाहरुको विषयमा नियुक्तिकालागि छनौट भएका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उम्मेद्वारसँग वार्ता गर्न सकिनेछ । वार्ताद्वारा पारिश्रमिक तथा अन्य सुविधा निर्धारण हुन नसकेको अवस्थामा नियुक्ति दिने अधिकारीले सो नियुक्तिलाई बदर गर्न सक्नेछ ।

(११) संस्थानमा कार्यरत कर्मचारी सोही संस्थानको कार्यकारी प्रमुखमा नियुक्ति भएमा संस्थानमा रहेको निजको पदाधिकार सम्वन्धित संस्थाको ऐनले कायम रहनुपर्ने गरी व्यवस्था गरेको अवस्थामा बाहेक कायम रहने छैन ।

१३. <u>कार्यकारी प्रमुखको नियुक्ति सम्बन्धी व्यवस्था</u> : (१) नेपाल सरकारले प्रचलित कानून बमोजिम सार्वजनिक संस्थानका कार्यकारी प्रमुख नियुक्त गर्दा दफा ११ बमोजिमको सिफारिस समितिको सिफारिसमा गर्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त गर्दा सार्वजनिक संस्थान कार्यकारी प्रमुख सिफारिस समितिले सिफारिस गरेका तीन जना उमेद्वारहरुमध्ये कार्यकुशलता, व्यावसायिक दक्षता तथा नेतृत्व क्षमताका आधारमा उपयुक्त ठहरिएको उम्मेद्वारलाई गर्नु पर्नेछ ।

(३) सार्वजनिक संस्थानको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सार्वजनिक संस्थानका कार्यकारी प्रमुखको कार्यकाल चार वर्षको हुनेछ ।

(४) यो आदेशमा अन्यत्र जेसुकै लेखेको भए तापनि नेपाल सरकारले निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पदमा कार्यरत कर्मचारीलाई निजको पदाधिकार कायमै राखी सार्वजनिक संस्थानको रिक्त कार्यकारी प्रमुखमा नियुक्त गर्न बाधा पर्ने छैन । यसरी भएको नियुक्तिलाई पद रिक्त भएको मानि बोर्डले उम्मेद्वार छनौट गर्न सक्नेछ र यो नियुक्ति बोर्डबाट उम्मेद्वार सिफारिस भई नआए सम्मका लागि मात्र कायम रहनेछ ।

१४. <u>कार्यसम्पादनमा आधारित सम्झौता गर्नु पर्ने</u> : (१) नेपाल सरकारले यस आदेश बमोजिम सार्वजनिक संस्थानको कार्यकारी प्रमुखको पदमा नियुक्त गर्दा निजसँग कार्यसम्पादनमा आधारित सम्झौता गर्नु पर्नेछ ।



६३८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कार्यसम्पादन सम्झौताका सूचकहरु सम्बन्धित मन्त्रालयको परामर्शमा बोर्डले तयार गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यसम्पादन सम्झौता सम्बन्धित मन्त्रालयले गर्नेछ ।

४) यस दफा बमोजिम गरिएको कार्यसम्पादनमा आधारित सम्झौताको कार्यान्वयनको अनुगमन बोर्डले गर्नेछ ।

१५. कार्यकारी प्रमुखको कार्यसम्पादन मूल्याङ्कन गर्नु पर्ने : (१) बोर्डले प्रत्येक वर्ष सार्वजनिक संस्थानका कार्यकारी प्रमुखको कार्यसम्पादन मूल्याङ्कन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यसम्पादन गर्दा निजसँग गरिएको देहायका मापदण्डलाई मुख्य आधारमा लिनुपर्नेछः–

(क) सम्पत्ति परिचालन अनुपात (एसेट टर्नओभर रेसिओ),

(ख) नाफा अनुपात (प्रोफिट मार्जिन रेसिओ),

(ग) पूँजीकोष दायित्व अनुपात (इक्वीटि टु लायविलिटी रेसिओ),

(घ) कूल सञ्चालन खर्चमा प्रशासनिक खर्चको अनुपात र

(ङ) कूल सञ्चालन खर्चमा कर्मचारी खर्चको अनुपात ।

(३) बोर्डले सार्वजनिक संस्थानको कार्यप्रकृति र कार्यकारी प्रमुखसँग गरिएको कार्यसम्पादन सम्झौतामा उल्लेखित कार्यसम्पादन सूचक बमोजिम उपदफा (२) बमोजिमका आधारलाई थपघट गर्नसक्नेछ ।

(४) सार्वजनिक संस्थानका पदाधिकारीको कार्यसम्पादन गरी सोको प्रतिवेदन बोर्डले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(५) कार्यसम्पादन मूल्यांकन सम्बन्धी विधि, प्रक्रिया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. छानवीन गर्ने : (१) सार्वजनिक संस्थानको कार्यकारी प्रमुखको कार्यसम्पादन सन्तोषजनक नभएको वा खराब आचरण भएको वा पदीय जिम्मेवारी इमान्दारितापूर्वक पालना नगरेको भनी कुनै व्यक्ति, संस्था वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

निकायको उजूरी परेमा वा बोर्डले कुनै व्यहोराले जानकारी पाएमा बोर्डले त्यस्ता कार्यकारी प्रमुखका सम्बन्धमा छानवीन गरी नेपाल सरकार समक्ष सिफारिस सहितको प्रतिवेदन दिनेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा नेपाल सरकारले त्यस्ता कार्यकारी प्रमुखलाई

सिफारिस बमोजिम निलम्बन गर्न, पदमुक्त गर्न वा सचेत गराउन सक्नेछ।

१७. उपसमिति गठन गर्न सक्ने : (१) बोर्डले कुनै सदस्यको संयोजकत्वमा आवश्यताअनुसार विशेषज्ञ सहितको उपसमिति गठन गरी विशेष जिम्मेवारी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपसमितिका सदस्यले पाउने सुविधा अर्थ मन्त्रालयको स्वीकृति लिई उक्त उपसमिति गठन गर्दाका बखत बोर्डले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. पुरस्कार, सेवाको निरन्तरता वा छानवीन सम्बन्धी व्यवस्था : नेपाल सरकारले प्रत्येक वर्ष बोर्डको सिफारिसमा सार्वजनिक संस्थानका कार्यकारी प्रमुखलाई कार्यसम्पादन मूल्याङ्कनका आधारमा देहाय बमोजिम गर्न सक्नेछः–

(क) लक्ष्यको शतप्रतिशत प्रगति हासिल गरेको देखिएमा उपयुक्त तवरले पुरस्कार प्रदान गर्ने,

(ख) व्यक्तिगत रुपमा नव्वे प्रतिशत र सामूहिक रुपमा पचहत्तर प्रतिशत सम्म लक्ष्य पूरा भएमा सेवालाई निरन्तरता दिने,

(ग) लक्ष्यको पचास प्रतिशत भन्दा बढी र पचहत्तर प्रतिशत भन्दा कम प्रगति भएमा छ महिनाको सुधार योजना सहित निरन्तरता दिने, र

(घ) लक्ष्यको पचास प्रतिशत भन्दा कम प्रगति भएमा छानवीन गराई प्रतिवेदन अनुसार गर्ने।

१९. निर्देशन दिन सक्ने : (१) बोर्डले यस आदेशको कार्यान्वयन गर्ने सम्बन्धमा सार्वजनिक संस्थानलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

६४०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित सार्वजनिक संस्थान, कार्यकारी प्रमुख तथा सम्बद्ध सबैको कर्तव्य हुनेछ ।

२०. बोर्डको सचिवालय : (१) बोर्डको एक छुट्टै सचिवालय रहनेछ ।

(२) बोर्डको सचिवालय काठमाडौ उपत्यकामा रहनेछ ।

(३) अर्थ मन्त्रालयले सम्बन्धित क्षेत्र हेर्ने राजपत्रांकित प्रथम श्रेणीको अधिकृतलाई बोर्डको सचिवको रुपमा कार्य गर्ने गरी तोक्नेछ ।

२१. कर्मचारी तथा बजेट सम्बन्धी व्यवस्था : (१) बोर्डमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् । कर्मचारीको दरवन्दी संख्या अनुसूची –२ बमोजिमको संगठनात्मक संरचनाको आधारमा अर्थ मन्त्रालयको सहमति लिई बोर्डले स्वीकृत गर्नेछ ।

(२) बोर्डको आफ्नै कर्मचारी नियुक्त नहुन्जेलका लागि आवश्यक कर्मचारी अर्थ मन्त्रालयले उपलब्ध गराउनेछ ।

(३) बोर्डमा काम गर्ने कर्मचारीको नियुक्ति, सेवाको शर्त र पारिश्रमिक तथा सुविधा सम्बन्धी व्यवस्था अर्थ मन्त्रालयको सहमतिमा बोर्डले स्वीकृत गरे बमोजिम हुनेछ ।

(४) बोर्डले आवश्यक सम्झेका क्षेत्रमा अर्थ मन्त्रालयको स्वीकृति लिई निश्चित अवधिका लागि सेवा करारमा विज्ञ व्यक्तिको सेवा लिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सेवा करारमा लिइएका विशेषज्ञको सेवा, शर्त तथा सुविधा निजसँग गरिएको करार सम्झौता बमोजिम हुनेछ ।

(६) बोर्डको लागि आवश्यक बजेट नेपाल सरकारले उपलब्ध गराउनेछ ।

२२. रोष्टर तयार गर्नु पर्ने : बोर्डले सार्वजनिक संस्थानका कार्यकारी प्रमुखको नियुक्तिको लागि सिफारिस गर्ने समितिमा विशेषज्ञको रुपमा कार्य गर्ने व्यक्ति तोक्ने प्रयोजनका लागि सम्बन्धित क्षेत्रका विशेषज्ञहरुको छुट्टै रोस्टर तयार गरी अद्यावधिक गरी राख्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६७१
६३८१

२३. <u>पूर्वस्वीकृति लिनु पर्ने</u> : (१) अध्यक्ष तथा सदस्यले सरकारी कामको सिलसिलामा विदेश भ्रमणमा जानु पर्दा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) सदस्यले बोर्डको कामको सिलसिलामा नेपाल भित्र भ्रमण गर्नुपरेमा अध्यक्षको स्वीकृति लिनु पर्नेछ।

२४. <u>अधिकार प्रत्यायोजन</u>ः (१) बोर्डले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य, दफा १८ बमोजिमको उपसमिति वा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले देहायका अधिकार प्रत्यायोजन गर्न पाउनेछैनः-

(क) दफा १५ बमोजिमको कार्यकारी प्रमुखको कार्यसम्पादन मूल्यांकन सम्बन्धी,

(ख) दफा १७ बमोजिमको छानवीन सम्बन्धी वा

(ग) दफा १९ बमोजिमको पुरस्कार, सेवाको निरन्तरता र छानवीन प्रयोजनका लागि गरिने सिफारिस सम्बन्धी ।

२५. <u>नेपाल सरकारसँग सम्पर्क</u> : बोर्डले नेपाल सरकारसँग सम्पर्क राख्दा अर्थ मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२६. <u>प्रतिवेदन पेश गर्ने</u> : (१) बोर्डले वर्ष भरीमा आफूले सम्पादन गरेका मुख्य मुख्य काम कारबाहीहरुको उपलब्धि समेत समावेश भएको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र अर्थ मन्त्रालय मार्फत नेपाल सरकार समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन बोर्डले सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

२७. <u>अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने</u> : यस आदेशको अनुसूचीमा अर्थ मन्त्रालयले आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

२८. <u>निर्देशिका र कार्यविधि बनाउन सक्ने</u> : (१) यस आदेशको उद्देश्य पूर्तिको लागि बोर्डले आवश्यकता अनुसार निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ ।

६८२
६३४२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२)उपदफा (१) बमोजिमको निर्देशिका तथा कार्यविधि अर्थ मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।

२९. खारेजी र वचाउ : (१) प्रतिस्पर्धाको माध्यमबाट छनौट भई हाल कार्यरत रहेका सार्वजनिक संस्थानका कार्यकारी प्रमुखहरुले निजहरुलाई तोकिएको अवधिसम्म निरन्तरता पाउनेछन् ।

(२) प्रतिस्पर्धाबाट छनौटको क्रममा रहेका सार्वजनिक संस्थानका कार्यकारी प्रमुखहरुको छनौट प्रकृया बोर्डले कार्य सञ्चालन शुरु नगरेसम्म यथावत रहनेछ, तत्पश्चात् यस आदेश बमोजिम समन्वय गरी छनौट कार्य अगाडी बढाउनु पर्नेछ ।

(३) विना प्रतिस्पर्धा सोझै नियुक्त भएका कार्यकारी प्रमुखहरुको पदावधि दफा ११ बमोजिमको सिफारिस समितिको सिफारिसको आधारमा नेपाल सरकारले अर्को कार्यकारी प्रमुख नियुक्त गरेको मितिदेखि स्वतः समाप्त हुनेछ ।

(४) सार्वजनिक संस्थान, निर्देशन बोर्ड (गठन तथा कार्य संचालन) आदेश, २०६८ खारेज गरिएको छ ।

(५) सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्य संचालन) आदेश, २०६८ बमोजिम भए गरेका काम कारवाहीहरु यसै आदेश बमोजिम भए गरेको मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

### अनुसूची– १

(दफा २ को खण्ड (ख) सँग सम्बन्धित)

**(क) सार्वजनिक संस्थानहरुको नामावली**

(१) दुग्ध विकास संस्थान, लैनचौर, काठमाडौं ।

(२) जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, कोटेश्वर, काठमाडौं ।

(३) हेटौडा सिमेन्ट उद्योग लिमिटेड, सम्पर्क कार्यालय अनामनगर, काठमाडौं ।

(४) जनकपुर चुरोट कारखाना लिमिटेड, नयाँवानेश्वर, काठमाडौं ।

(५) नेपाल औषधि लिमिटेड, ववरमहल, काठमाडौं ।

(६) उदयपुर सिमेन्ट उद्योग लिमिटेड, सम्पर्क कार्यालय अनामनगर, काठमाडौं ।

(७) नेपाल ओरिण्ड म्याग्नेसाइट (प्रा.) लिमिटेड, वानेश्वर, काठमाडौं ।

(८) कृषि सामाग्री कम्पनी लिमिटेड, कुलेश्वर, काठमाडौं ।

(९) राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड, कुलेश्वर, काठमाडौं ।

(१०) नेशनल ट्रेडिङ्ग लिमिटेड, टेकु, काठमाडौं ।

(११) नेपाल खाद्य संस्थान, भद्रकाली प्लाजा, काठमाडौं ।

(१२) नेपाल आयल निगम लिमिटेड, ववरमहल, काठमाडौं ।

(१३) दि–टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड, ववरमहल, काठमाडौं ।

(१४) औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, वालाजु, काठमाडौं ।

(१५) नेशनल कन्स्ट्रक्शन कम्पनी नेपाल लिमिटेड, भद्रकाली प्लाजा, काठमाडौं ।

(१६) नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड, वानेश्वर, काठमाडौं ।

(१७) नेपाल इञ्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लिमिटेड, वुद्धनगर, काठमाडौं ।

(१८) नेपाल वायुसेवा निगम, नयाँसडक गेट, काठमाडौं ।

(१९) राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड, वालाजु, काठमाडौं ।

(२०) नेपाल नागरिक उड्डयन प्राधिकरण, ववरमहल, काठमाडौं ।

(२१) सांस्कृतिक संस्थान, जमल, काठमाडौं ।

(२२) गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं ।

(२३) जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमी, भक्तपुर ।

(२४) नेपाल टेलिभिजन, सिंहदरवार, काठमाडौं ।

(२५) ग्रामीण आवास कम्पनी लिमिटेड, पुल्चोक, ललितपुर ।

(२६) नेपाल खानेपानी संस्थान, त्रिपुरेश्वर, काठमाडौं ।

(२७) नेपाल विद्युत प्राधिकरण, दरवारमार्ग, काठमाडौं ।

(२८) नेपाल दूरसंचार कम्पनी लिमिटेड (नेपाल टेलिकम), भद्रकालीप्लाजा, काठमाडौं ।

(२९) कृषि विकास बैंक लिमिटेड, मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं ।



मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३०) राष्ट्रिय बीमा संस्थान, (जीवन/निर्जीवन), रामशाहपथ, काठमाडौं ।
(३१) NIDC Development Bank Ltd., दरवारमार्ग, काठमाडौं ।
(३२) राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, रामशाहपथ, काठमाडौं ।
(३३) निक्षेप तथा कर्जा सुरक्षण निगम लिमिटेड, टङ्गाल, काठमाडौं ।
(३४) नेपाल आवास विकास वित्त कम्पनी लिमिटेड, नयाँवानेश्वर, काठमाडौं ।
(३५) नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, भद्रकाली प्लाजा, काठमाडौं ।
(३६) नागरिक लगानी कोष, पुतलीसडक, काठमाडौं ।
(३७) जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड, बबरमहल, काठमाडौं ।
(३८) गुठी संस्थान, काठमाडौं ।

**(ख) विशेष ऐन अन्तर्गत स्थापित प्रतिष्ठान**

कर्मचारी सञ्चय कोष, पुल्चोक, ललितपुर ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची- २

(दफा ३ को उपदफा (६) सँग सम्बन्धित)

## सार्वजनिक संस्थान निर्देशन बोर्डको संगठनात्मक संरचना






६४६ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-३

(दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

व्यावसायिक तथा वित्तीय कार्ययोजनाको प्रस्तावमा न्यूनतमरुपमा समावेस हुनुपर्ने विषयहरु

(१) उम्मेद्वारले कुनै अन्तर्राष्ट्रिय स्तरमा प्रचलनमा रहेको ढाँचामा व्यावसायिक योजनासहितको संस्थान सुधार योजना प्रस्ताव पेश गर्न सक्नेछ । तथापि प्रस्ताव ५ हजार शब्दमा नवढाई A4 Size कागजमा Times New Roman, ११–१२ फन्टमा तयार गरेको हुनुपर्नेछ । नेपाली भाषामा भए Unicode मा ४ हजार ५ सय शब्दमा नवढाई पेश गर्नुपर्नेछ ।

(२) प्राविधिक प्रस्तावले सम्बन्धित संस्थानलाई प्रचलित कानूनले तोकेको कार्यविवरण अन्तर्गतका योजना, रणनीति, पहुँच (Approaches), सिफारिस तथा संस्थानको समग्र कार्यसम्पादन तथा उत्पादकत्व सुधारका लागि अवलम्बन गर्नुपर्ने उपायहरु उल्लेख गरेको हुनुपर्नेछ।

(३) प्राविधिक प्रस्तावले संस्थानका विद्यमान समस्या, मामला (Issues), चुनौति तथा त्यसका समाधानका उपायहरु बारेमा उल्लेख गरेको हुनुपर्नेछ ।

(४) प्राविधिक प्रस्तावले संस्थानको रणनीतिक सुधार, व्यापारिक रणनीति, उत्पादकत्व अभिवृद्धि, प्रतिस्पर्धात्मक क्षमताको विकास, श्रमसम्बन्ध व्यवस्थापन, मानव संसाधन व्यवस्थापन योजनाको साथै वित्त व्यवस्थापन एवं चुहावट नियन्त्रण र खर्च कटौतिका रणनीति र कार्यक्रमहरुको बारेमा उल्लेख गर्नुपर्नेछ । साथै, लगानी योजना, स्रोत परिचालन, व्यवस्थापन र नोक्सानीको परिपूर्तिसम्बन्धी कार्यनीतिहरु पनि प्रस्तावका महत्वपूर्ण अङ्गको रुपमा रहनेछन् ।

(५) उपर्युक्त रणनीति तथा कार्यनीतिहरुको कार्यान्वयनकालागि उपयुक्त सूचकहरु सहितको समयवद्ध कार्ययोजनासमेत प्रस्तावमा रहनुपर्नेछ ।

(६) उम्मेद्वारले संस्थानको अझै बढी राम्रो कार्यसम्पादन तथा कुशल व्यवस्थापनकालागि विद्यमान कानूनी व्यवस्थाको अधीनमा रही के कस्तो किसिमको वातावरण, अधिकार प्रत्यायोजन, न्यूनतम स्रोतसाधन, व्यवस्थापकीय सामग्रीको आवश्यकता पर्दछ, सोको पनि उल्लेख गर्नुपर्नेछ।



६४६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।